# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः१७ मितिः२०८१/०८/२०

## भाग-२

## लेटाङ नगरपालिका

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि (दोस्रो संशोधन), २०८१

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि (दोस्रो संशोधन), २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०७/०४**
**प्रमाणिकरण मितिः २०८१/०७/०५**

**प्रस्तावनाः**
लेटाङ नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ मा रहेको नगर प्रहरीको लागि आवश्यक योग्यता सम्बन्धी व्यवस्था संशोधन गर्नुपर्ने भएकोले कार्यविधिको दफा ४७ ले दिएको अधिकार प्रयोग गरी कार्यविधिमा देहाय अनुसारको संशोधन गरिएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) कार्यविधिको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।
(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. दफा ८ को उपदफा (ख) मा संशोधनः पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको तर भू.पू. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट नियमानुसार अवकास प्राप्त व्यक्तिको हकमा ४८ वर्ष उमेर ननाघेको । र अन्यत्र जेसुकै लेखेको भएतापनि अवकास प्राप्त भू.पू. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको हकमा नगर प्रहरी असिष्टेन्ट सब इन्सपेक्टर (असई) पदका लागि एसईई वा सो सरह उत्तीर्ण भई असई वा जम्दारबाट अवकास भएका र नगर प्रहरी हवल्दार पदका लागि दश कक्षा वा टेष्ट पास गरी हवल्दार पदबाट अवकास प्राप्त र जवान पदका लागि कक्षा आठ पास उत्तीर्ण न्यूनतम शैक्षिक योग्यता प्राप्त गरी जवान वा सो भन्दा माथिल्लो पदबाट अवकास प्राप्त तोक्ने।

संशोधन गर्नुपर्ने व्यवस्थाः

| हालको व्यवस्था | संशोधन गरिएको विषय | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ८ नगर प्रहरी कर्मचारीका लागि आवश्यक योग्यताः<br>(ख) पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको । तर भू.पू. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी र भारतीय सेनाबाट अवकास प्राप्त व्यक्तिको हकमा ४८ वर्ष उमेर ननाघेको । र अन्यत्र जेसुकै लेखेको भएतापनि अवकास प्राप्त भू.पू. | (ख) पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको तर भू.पू. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट नियमानुसार अवकास प्राप्त व्यक्तिको हकमा ४८ वर्ष उमेर ननाघेको । र अन्यत्र जेसुकै लेखेको भएतापनि अवकास प्राप्त भू.पू. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको हकमा नगर प्रहरी असिष्टेन्ट सब इन्सपेक्टर (असई) पदका लागि एसईई वा सो सरह उत्तीर्ण भई असई वा जम्दारबाट अवकास भएका र नगर प्रहरी हवल्दार पदका लागि दश कक्षा वा टेष्ट पास गरी हवल्दार पदबाट अवकास प्राप्त र जवान पदका लागि कक्षा | भू.पू. प्रहरीका लागि योग्यता स्पष्ट पार्न आवश्यक भएकोले |

| | | |
|---|---|---|
| को हकमा न्यूनतम शैक्षिक योग्यता आवश्यक नपर्ने । | आठ पास उत्तीर्ण न्यूनतम शैक्षिक योग्यता प्राप्त गरी जवान वा सो भन्दा माथिल्लो पदबाट अवकास प्राप्त तोक्ने। | |

आज्ञाले,
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

लेटाङ नगरपालिका, मोरङ